विरोध खतिवडा
Birodh Khatiwada

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री
Hon. Minister for
Health and Population

नेपाल सरकार
Government of Nepal

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**Ministry of Health and Population**

☎: ०१-४-२६२५३४
: 01-4-262534
फ्याक्स: ०१-४-२६२५६५
Fax: 01-4-262565
Website: www.mohp.gov.np

रामशाहपथ, काठमाडौं, नेपाल
Ramshahpath, Kathmandu, Nepal

पत्र संख्या(Ref. No.):   चलानी नं.(Dispatch No.):   मिति(Date): २०७८/०७/०७

## सन्देश

नेपाल संविधान, २०७२ बमोजिम प्रत्येक नागरिकलाई सुरक्षित पानी र सरसफाईमा पहुँचको हक सुनिश्चित गर्दै नेपाल सरकारले आधारभूत स्वास्थ्य, सुरक्षित खानेपानी तथा सरसफाइलाई संवैधानिक अधिकारका रुपमा स्थापित गरेको छ । सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी संवैधानिक अधिकारलाई साकार तुल्याउन राष्ट्रिय स्वास्थ्य नीति २०७६ "सबै तहका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै सहज पहुँच सुनिश्चित गर्ने रहेको साथै प्रति-जैविक प्रतिरोधलाई न्युनीकरण गर्दै संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि एकद्वार स्वास्थ्य पद्धतिको विकास तथा विस्तार गरिनुका साथै वायु प्रदूषण, ध्वनी प्रदूषण, जल प्रदूषण लगायतका वातावरणीय प्रदूषणका साथै खाद्यान्न प्रदूषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिने" लाई आत्मसात गर्दै गुणस्तरीय स्वस्थ एवम् समृद्ध समाजका निर्माणमा अग्रसर हुनलाई स्वास्थ्य सेवा प्रदान गर्न प्रतिवद्ध छौं ।

आधारभूत स्वास्थ्य सेवा, सुरक्षित खानेपानी र सरसफाइको दिगो विकास लक्ष्य सन् २०३० सम्म पुरा गर्ने हाम्रो प्रतिवद्धतालाइ पूरा गर्न मापनयोग्य लक्ष्य र सेवाका मापदण्ड तय गरी त्यस्ता मापदण्डलाई संस्थागत गर्दै जानु आजको आवश्यकता रहेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम स्वास्थ्य संस्थाहरुले खानेपानी र सरसफाइमा अनिवार्य रुपमा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिइएको छ । स्वास्थ्य सेवा प्रदायक संस्थाभित्र, सुरक्षित खानेपानी, सुधारिएको सरसफाइको पहुँच र स्वच्छताको अभ्यास मार्फत् जनस्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पार्दै स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी एवम् अन्य कर्मचारीहरुको मनोवल उच्च राख्दै, विरामी र निजका हेरचाहकर्ताहरुको आत्म सम्मानको संरक्षण गर्न, सेवाको गुणस्तरमा सुधार ल्याउन, विविधतालाई सम्मान गर्न सुरक्षित र गुणस्तरीय सेवाको सुनिश्चिता अत्यन्त महत्वपूर्ण हुन्छ । स्वास्थ्य संस्थाहरूका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राष्ट्रिय मापदण्डलाई संघ, प्रदेश तथा स्थानीय तहहरूले प्राथमिकता दिई थप प्रतिवद्धताका साथ आवश्यकता बमोजिम लगानी बढाउन प्रोत्साहित गर्ने उद्धेश्य लिई यो मापदण्ड तयार गरी लागू गरिएको छ । स्थानीय परिवेश र वस्तुस्थितिको आधारमा प्रदेश तथा स्थानीय तहहरूले यसमा निर्दिष्ट मापदण्डलाई हुबहु लागू गर्न वा यसलाई नमूना आधार बनाई सन्दर्भको रुपमा लिइ आफ्नो आवश्यकता र परिवेशको आधारमा थप मापदण्ड तयार गरी लागू गर्न वा यसै मापदण्डलाई थप परिमार्जन वा, परिस्कृत गरी लागू गर्न सक्नेछन् ।

अतः नेपालको संविधान लगायत राष्ट्रिय स्वास्थ्य नीति एवम् स्वास्थ्य सेवा सम्वन्धी विभिन्न नीति, निर्देशिकाद्वारा प्रत्याभूत स्वास्थ्य संस्थाहरूका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी राष्ट्रिय मापदण्ड, २०७८ प्रस्तुत गर्न **पाउँदा अत्यन्त हर्षित छु । यस मापदण्डको कार्यन्वयनमा सम्बन्धित सरोकारवालाहरूको रचनात्मक भूमिका र सहकार्यको लागि नेपाल सरकारले सदैव प्रोत्साहन गर्ने विषयमा विश्वास दिलाउन चाहन्छु । अन्त्यमा** यो राष्ट्रिय मापदण्ड तयार गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान गर्ने संस्था तथा संलग्न व्यक्तित्वहरुको अमूल्य योगदानको लागि धन्यवाद दिन च:हन्छु । अन्त्यमा यस मापदण्डले सुरक्षित एवंम गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने कार्यमा म पूर्ण विश्वस्त छु ।

बिरोध खतिवडा
( मन्त्री )
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय